# २७

# जडीबुटीको व्यापार र वातावरणीय न्याय

**शरद घिमिरे**

## नेपालका जडीबुटी

पहाडी तथा हिमाली क्षेत्रका बासिन्दाहरूले गैरकाष्ठ वन उत्पादन[१] (non timber forest product) को संरक्षण, व्यवस्थापन तथा उत्पादन लिने काम ऐतिहासिक कालदेखि गर्दै आएका छन् । खाद्य पदार्थ, मरमसला, जडीबुटी, तेल, रेशा, रङ्ग्याउने, टाँस्ने, खोटो, धुप/सुगन्ध र निर्माण कार्यको लागि नेपालमा अनुमानित ८०० प्रजातिका वनस्पति उपयोग गरिन्छन् । ग्रामीण क्षेत्रमा बस्ने ८० प्रतिशत जनताको प्राथमिक उपचारको स्रोत जडीबुटी हो भन्ने अनुमान छ (वन विभाग २०५९) । करिब १०० वटा प्रजातिका वनस्पतिहरू गैरकाष्ठ वन उत्पादन (प्रचलित रूपमा जडीबुटी)को रूपमा व्यापार भइरहेको छ (बीपीपी सन् १९९५) । तीमध्ये धेरै वनस्पतिमा औषधीको राम्रो गुण (हिमाल र हिमाली वनस्पतिको औषधीको गुण हजारौँ वर्ष पहिलेको आयुर्वेदमा समेत उल्लेख छ) रहेको छ । गोर्खाको एउटा गाउँमा करिब ९० परिवार जडीबुटी र सुगन्धित वनस्पतिको व्यापारमा संलग्न हुनु (ओल्सेन र हेल्लेस सन् १९९७) एउटा यस्तो उदाहरण हो जसले पहाडी भेगको जीविकोपार्जनको एउटा आधार जडीबुटीको व्यापार हो भन्ने जनाउँछ । नेपालको पहाडी र हिमाली भेगबाट वार्षिक १०-१५ मेट्रिक टन जडीबुटी (medicinal and aromatic plants) उत्पादन हुन्छ । ग्रामीण क्षेत्रमा थुप्रै जडीबुटीहरू पाइए पनि तिनको उत्पादन र व्यापार

[१] गैरकाष्ठ वन उत्पादन तथा जडीबुटीको प्राविधिक परिभाषामा भिन्नता भए पनि सामान्यतया बोलीचाली वा अन्य प्रचलनमा भने समान रूपले प्रयोग गरिन्छ । यो लेखमा पनि यी दुवै शब्द त्यही प्रचलित मान्यताअनुसार प्रयोग भएका छन्, जसले प्रमुख रूपमा वनस्पतिजन्य उत्पादनलाई चिनाउँछन् । वास्तवमा कुनै पनि वनजङ्गल, घाँसेमैदान वा अन्य किसिमको प्राकृतिक क्षेत्रबाट प्राप्त हुने र गाइबस्तुलाई खुवाउने घाँसपात तथा काठ दाउराबाहेकका जैविक उत्पत्तिको सम्पूर्ण उत्पादन तथा वस्तुहरूलाई गैरकाष्ठ वन उत्पादन भनिन्छ । यसमा जडिबुटी तथा सुगन्धित वनस्पति (Medicinal and Aromatic Plants - MAPs) बाहेक बेत-बाँस, जङ्गली फलफूल, तरकारी वा अन्य खाद्यपदार्थ, औद्योगिक उत्पादनमा प्रयोग हुनसक्ने खोटो वा कच्चा पदार्थको रूपमा रहेका घाँसपात वा अन्य वनस्पतिजन्य उत्पादनलगायत कीराफटयाङ्ग्रा, जीवजन्तु तथा चराचुरुङ्गी र त्यसबाट निस्कने उत्पादनसमेत पर्दछन् ।

ग्रामीण जनताको जीविकाको आधार हुन सकिरहेको छैन । त्यसो हुन नसक्नुमा देखिएका समस्या प्रमुख मुद्दाको रूपमा यस लेखमा चर्चा गरिन्छ ।

गैरकाठजन्य उत्पादनले एक त स्थानीय जनताको जीविकोपार्जनलाई टेवा दिन्छ, जस्तै स्थानीय उपभोग वा व्यापार/साटफेरको लागि प्रयोग हुन सक्ने कन्दमूल, जङ्गली फलफूल/तरकारी, स्याउला/घाँस, जडीबुटी, खोटो/बोक्रा, वा अन्य फाइदाको रूपमा । अर्को, गैरकाष्ठ उत्पादन लिनु नै वनको दिगो उपभोग गर्नु हो किनभने काठ उत्पादन लिँदा वनलाई नै फँडानी गर्नुपर्ने जस्तो स्थिति गैरकाष्ठ उत्पादन लिँदा हुँदैन । तसर्थ गैरकाष्ठ उत्पादनबाट सामाजिक न्याय/जीविकोपार्जन सुरक्षा प्रदान हुनुको साथै प्राकृतिक स्रोतको संरक्षण हुन्छ अर्थात् वातावरणीय न्याय प्राप्त हुन सक्छ भन्ने देखिन्छ। यही अर्थले पनि गैरकाष्ठ उत्पादन (प्रचलित रूपमा जडीबुटी)को व्यापारको विषयलाई वातावरणीय न्यायसँग जोड्न खोजिएको हो। यति महत्वपूर्ण हुँदाहुँदै पनि सरकारी नीति वा व्यवस्थापनले काठजन्य उत्पादनलाई बढी महत्व दिने र त्यसको उत्पादन लिने प्रकृयामाथि जोड दिने प्रचलन छ । काठजन्य उत्पादनलाई मात्र महत्व दिँदा वन फँडानीको स्थिति बढेको हो भन्न सकिन्छ। अर्कोतर्फ गैरकाष्ठ उत्पादनका सन्दर्भमा स्थानीय जनताका आवश्यकताभन्दा पनि निकासी हुन सक्ने वा औद्योगिक/व्यापारिक प्रयोजनमा आउन सक्ने स्रोतलाई मात्र बढी ध्यान दिइन्छ। काठबाहेकको वन पैदावारलाई ऐतिहासिक कालदेखिका नीति-नियम/कार्यक्रमले राजस्व बढाउने साधनका रूपमा मात्र हेरिएका छन् न कि निर्वाहमुखी कृषिमा आश्रित जनताको जीविका र उनीहरूको आफ्नै उपयोगको लागि। वास्तवमा सरकारले राजस्वको आधारमा वनजन्य उत्पादनलाई महत्व दिने भएकाले नीतिगत व्यवस्था तथा सरकारी गतिविधिहरू बजारबाट निर्देशित छन्। तर स्थानीयस्तरमा भने यसको मूल्य वा महत्व त्यहीँकै जनजीवन वा सांस्कृतिक उपयोगिताको आधारमा निर्धारित भएको हुन्छ जुन सरकारी व्यवस्थाभन्दा फरक हुनपुग्छ । तसर्थ कुनै पनि वन पैदावा रको महत्व वा मूल्यमा बजार र स्थानीय उपभोगमा तालमेल मिलेको देखिँदैन (गौतम र डेवोइ सन् २००२) ।

नेपालमा पाइने करिब ७,००० प्रजातिका वनस्पतिमध्ये ७०० प्रजातिहरू जडीबुटी हुन् भन्ने अनुमान छ। सरकारीस्तरबाट जडीबुटीको तथ्याङ्क जम्मा गर्ने काम सन् १९६० मा जडीबुटी विभाग (Department of Medicinal Plant)–पछि वनस्पति विभाग (Departmernt of Plant Resources)–को स्थापनापछि शुरु भयो। विभागले सङ्कलित नमुनाको हर्बेरियम राखेको आधारमा ३९३ प्रजातिका वनस्पतिलाई उपयोगी जडीबुटी भनेको थियो जसमा पछि (सन् १९८४ मा) १७८ प्रजाति थपियो (एचएमजी सन् १९९७ए, १९९७बी)। मल्ल र शाक्यले ६३० प्रजातिका जडीबुटी वनस्पतिको सूची तयार गरे (मल्ल र शाक्य सन् १९८४-८५) जसमध्ये ५१० प्रजाति नेपालमा प्राकृतिक/जङ्गली रूपमै रहेका र १२० प्रजाति बाहिरबाट ल्याई खेती गरिएका वा प्राकृतिक बनाइएका थिए । जडीबुटीहरू पूर्वदेखि पश्चिम र हिमालदेखि तराई सबै क्षेत्रमा पाइन्छन् । नेपालमा पाइने केही जडीबुटीका नाम तालिका १ मा दिइएको छ ।

## तालिका १: नेपालका केही प्रमुख जडीबुटीहरू

| स्थानीय नाम र वैज्ञानिक नाम | भौगोलिक अवस्थिति | वनस्पतिको किसिम | उपयोगी भाग |
|---|---|---|---|
| अतिश *(Delphinium himalayai)* | पहाड तथा पर्वत | झार (Herb) | जरा |
| अमला *(Phyllanthus emblica)* | तराई तथा मधेश | रूख (Tree) | फल |
| असुरो *(Justicia adhatoda)* | तराई तथा मधेश | बुटचान (Shrub) | कलिलो मुण्टा, डाँठ र पात |
| कुट्की *(Neopicrorhiza scrophulariiflora)* | पहाड तथा पर्वत | झार | जरा |
| कुरिल्लो *(Asparagus racemosus)* | मधेश तथा पहाड | लहरा (Climber) | जरा |
| खयर *(Acacia catechu)* | तराइ | रूख | काठ र बोक्रा |
| खोटे सल्ला *(Pinus roxburghii)* | मधेश तथा पहाड | रूख | खोटो र फल |
| गाँजा/भाङ *(Cannabis sativa)* | मधेश तथा पहाड | झार | फल (बीउ) र पात |
| गुच्ची च्याउ *(Morchella esculenta)* | पर्वत तथा हिमाल | झार | पूरैभाग |
| घोडताप्रे *(Centella asiatica)* | मधेश तथा पहाड | झार | पात |
| चिराइतो *(Swertia chirayita)* | पहाड | झार | जरा, डाँठ र पात |
| जटामसी *(Nardostachys grandiflora)* | पर्वत तथा हिमाल | झार | जरा |
| जमाने मान्द्रो *(Mahonia nepaulensis)* | पहाड | बुटचान | फल र बोक्रा |
| जिम्बु *(Allium walichii)* | पर्वत | झार | जरा, डाँठ र पात |
| झ्याउ *(Lichen)* | पहाड | झार (रूखको हाँगामा) | डाँठ र पात |
| टिम्मुर *(Zanthoxylum armatum)* | पहाड | बुटचान | फल र बोक्रा |
| तितेपाती *(Artemisia dubia)* | मधेश तथा पहाड | बुटचान | जरा, डाँठ र पात |
| तेजपात *(Cinnamomum tamala)* | तराई तथा मधेश | रूख | पात र बोक्रा |
| धसिङ्गरे *(Gaultheria frgrantissima)* | पहाड | बुटचान | पात |
| नागबेली *(Lycopodium clavatum)* | पहाड | झार (रूखको हाँगामा) | बीउ |
| निरविषी *(Delphinium denudatum)* | मधेश तथा पहाड | झार | जरा |
| पदमचाल *(Rheum australe)* | तराई तथा मधेश | झार | जरा र डाँठ |
| पाखानवेद *(Berginia ciliata)* | पहाड | झार | जरा |
| पाँचऔँले *(Dactylorhiza hatagirea)* | पर्वत | झार | जरा |
| पिप्ला *(Piper longum)* | तराई तथा मधेश | लहरा | फल |
| बर्रो *(Terminalia belerica)* | तराई | रूख | फल |
| बेल *(Aegle marmelos)* | तराई तथा मधेश | रूख | फल र पात |
| बोझो *(Acorus calamus)* | मधेश तथा पहाड | झार | जरा |
| बज्रदन्ती *(Potentilla fulgens)* | पहाड | झार | जरा |
| भ्याकुर/गीठा *(Dioscorea deltoidea)* | मधेश तथा पहाड | लहरा | जरा |
| मजिठो *(Rubia manjith)* | पहाड | लहरा | जरा र डाँठ |
| यार्सागुम्बा *(Cordyceps sinensis)* | पर्वत तथा हिमाल | झार | पूरैभाग |
| राजवृक्ष *(Cassia fistula)* | तराई | रूख | फल तथा पात |
| रिट्ठा *(Sapindus mukorossi)* | मधेश | रूख | फल |
| रुद्राक्ष *(Elaeocarpus sphaericus)* | मधेश | रूख | फल |
| लघुपत्र *(Podophyllum hexandrum)* | पहाड तथा पर्वत | झार | फल र जरा |
| लौठसल्ला *(Taxus wallichiana)* | पहाड तथा पर्वत | रूख | फल तथा पात |
| विष *(Aconitum spicatum)* | पर्वत | झार | जरा |
| विषमा *(Aconitum bisma)* | पर्वत | झार | जरा |
| सतुवा *(Paris polyphylla)* | पहाड | झार | जरा |
| सर्पगन्धा *(Rauvolfia serpentina)* | तराई तथा मधेश | झार | जरा |
| सुगन्धकोकिला *(Cinnamomum glaucascens)* | तराई तथा मधेश | रूख | फल |
| सुगन्धवाल *(Valeriana jatamansii)* | पहाड तथा पर्वत | झार | जरा |
| सुनपाती/धुपी *(Rhododendron anthopogon)* | पर्वत तथा हिमाल | बुटचान | डाँठ र पात |
| हर्रो *(Terminalia chebula)* | पहाड तथा मधेश | रूख | फल |

नेपालमा सङ्कलन हुने जडीबुटीको परिमाणको ठोस तथ्याङ्क पाउन सकिँदैन । यद्यपि लगभग २० प्रजातिबाट जम्मा ७,००० टन सङ्कलन हुने अनुमान छ (कँडेल सन् १९९९) । तीमध्ये खयर (२४० टन) विष (४३ टन) बोझो (१६० टन), जिम्बु (४२ टन), कुरिलो (६४० टन), पाखनवेद (५७ टन), सुगन्धकोकिला (२०० टन), तेजपात (डाँठ/पात) (१,३६८ टन), रुद्राक्ष (४८ टन), नागबेली (४११ टन) जटामसी (८०० टन), चिराइतो (४१६ टन), कुटुकी (१५७ टन), पदमचाल (८० टन), अजिठो (५६ टन), रिट्ठा (४८० टन), गिठे सल्लो/लोठ सल्ला (Taxus) (३९३ टन), टिमुर (६४० टन) मुख्य जडीबुटी हुन् ।

## जडीबुटी र अन्य गैरकाष्ठ वन उत्पादनको निर्यात व्यापार

नेपालमा जडीबुटीको व्यापार बढाउने सरकारी प्रयास सन् १९३७ बाट शुरु भएको मान्न सकिन्छ । यद्यपि, सन् १९६० मा वनस्पति विभाग गठन भएपछि मात्र जडीबुटीको जानकारी प्रवाह हुन थाल्यो र त्यसपछि मात्र व्यवस्थित रूपमा जडीबुटीको व्यापार शुरु हुन थालेको हो । नेपालको जडीबुटी व्यापार सन् १९६० सम्म भारत र चीनसँग मात्र सीमित थियो (श्रेष्ठ सन् २००१) । त्यसपछि जडीबुटीको समुद्रपार व्यापार पनि शुरु भयो । व्यापार प्रबर्द्धन कार्यालयको तथ्याङ्कअनुसार सन् १९७० को दशकमा ४,००० मेट्रिक टनभन्दा बढी पुगेको जडीबुटीको व्यापार सन् १९८० को दशकमा घटेको थियो (मल्ल सन् १९९४) । सन् १९९० पछि पुनः जडीबुटीको व्यापार बढ्दै गएको छ ।

नेपालमा १० वटा निजी जडीबुटी प्रशोधन कम्पनी छन्, जसमध्ये 'डाबर' सबभन्दा ठूलो निजी कम्पनी हो । सरकारी निकाय–जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी–पनि जडीबुटीको खेती/सङ्कलन/उत्पादन/निर्यात र उत्पादित वस्तुको बजार/बिक्री वितरणमा सक्रिय छ । पूर्वको जडीबुटी व्यापारको प्रमुख केन्द्र वसन्तपुर हिलेको सडक बजारमा सन् १९९२ को काठबाहेकको वन उत्पादनको व्यापार ४२७,००० अमेरिकी डलर थियो जुन रु. १,२०० प्रतिघरपरिवार पर्न आउँछ (एडवार्ड्स सन् १९९६) ।

जडीबुटीको कुल सङ्कलन सरकारी आँकडा (तालिका २)मा देखाइएभन्दा बढी हुन्छ । एनसाब (Asia Network for Sustainable Agriculture and Bioresources) को सन् १९९५ को एक अध्ययनले नेपालमा १०० भन्दा बढी गैरकाष्ठ वन उत्पादनको व्यापार लगभग १०० जना व्यापारीले करिब ४२,००० टनको अनुपातमा गर्छन्, जसको मूल्य रु. १.५ अरबभन्दा बढी (अमेरिकी डलर २ करोड ६० लाख) हुन्छ (सुवेदी सन् १९९७) । यसरी उत्पादित वन उत्पादन वा जडीबुटीको निकासी मुख्य रूपले (९० प्रतिशतभन्दा बढी) भारतमा हुन्छ । त्यसपछि अमेरिका, यूरोपेली देशहरू (बेलायत, जर्मनी, आदि), जापानलगायत दक्षिण पूर्वी देशहरू नेपालको जडीबुटी निर्यातको लागि महत्वपूर्ण छन् ।

## *तालिका २: वनस्पतिजन्य उत्पादनको निर्यात परिमाण तथा आम्दानी*

| उत्पादन | निर्यात परिमाण (किलोग्राममा) | आम्दानी (रु. हजारमा) |
|---|---|---|
| नागबेली (Lycopodium) | १,५६,००० | ६,३८६ |
| चिराइतो | २४,००० | ३,४६२ |
| अन्य जडीबुटी | २७,५११ | २,००४ |
| लेमन ग्रास (पिर्रे घाँस) | ५०० | ४७२ |
| मेन्था तेल | ५८५ | ३६९ |
| सिट्रोनेला तेल | ७०० | २९९ |
| पामारोजा तेल | ९७० | ९२२ |
| विन्टरग्रीन (धसिङ्गरे) तेल | ६६२ | ९१५ |
| स्पाइकनार्ट (जटामसी) तेल | ६३ | ७७० |
| अन्य | ६६४ | १,७१७ |
| जम्मा | | १७,३१५ |

*स्रोत:* व्यापार प्रबर्द्धन केन्द्र सन् १९९८, इसिमोड (मिति उल्लेख नभएको)बाट उद्धृत ।

## *तालिका ३: आर्थिक वर्ष २०५४/५५ मा नेपालका प्रमुख नाकाबाट भारतमा निर्यात जडीबुटी*

| व्यापार नाका | जम्मा मूल्य रु. | प्राप्त राजस्व रु. |
|---|---|---|
| विराटनगर | ५,१०,३४,५०८ | २,५५,५२२ |
| भैरहवा | ९९,१४,२५५ | ४९,५७६.५ |
| कृष्णनगर (कपिलवस्तु) | ८०,७०,३१० | ४०,३५१.४ |
| नेपालगञ्ज | ४,१८,९०,००० | |

*स्रोत:* कँडेल (सन् १९९९)

## *तालिका ४: आर्थिक वर्ष २०५५/५६ देखि २०५७/५८ सम्म क्षेत्रगत रूपमा देशका विभिन्न विकास क्षेत्रबाट निकासी भएका जडीबुटीहरूको परिमाण र त्यसबाट प्राप्त राजस्व*

| क्र.सं. | विकास क्षेत्र | जडीबुटीको परिमाण | | | प्राप्त राजस्व रु. | | |
|---|---|---|---|---|---|---|---|
| | | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५५/५६ | २०५६/५७* | २०५७/५८ |
| १. | पूर्वाञ्चल | २२१७५२ | १८९०३४ | ६७४४५६ | १०४६७९३ | ११८५२१०.०९ | २०७७८९५ |
| २. | मध्यमाञ्चल | ६८८२८७ | ४३५८२६.०८ | ३५५८७७.१५ | ४८५३१०२ | ३४४३१२७ | २०५७६४९.७३ |
| ३. | पश्चिमाञ्चल | २२९९०९ | २३४९८३ | १४०००१५ | २५१५५४४ | ४१५८३७०.६९ | ७१६२९९० |
| ४. | मध्य पश्चिमाञ्चल | ८६५१४०.०५ | ८९१०५० | | ४०९१२४८ | ९२२५५७९ | |
| ५. | सुदूर पश्चिमाञ्चल | ६२५६८२ | ३९६६११ | ५०७६०४.५ | ४१४१२१८ | ३४४०९७९ | २६३१०९९.२५ |
| | जम्मा | २६९०७७०.०५ | २१४०४०५.०८ | २९३७९५२.६५ | १६६४७९०५ | २१४५४३६६.६९ | १३९२९६३३.९८ |

*स्रोत:* वन विभाग (२०५९)　　　*४१ जिल्लाको मात्र

जिल्ला वन कार्यालयहरूबाट प्राप्त तथ्याङ्कको आधारमा आर्थिक वर्ष २०५५/०५६ मा २ हजार ९ सय मेट्रिक टन, २०५६/०५७ मा ४१ जिल्लाहरूको मात्र प्राप्त तथ्याङ्कको आधारमा २ हजार ४ सय मेट्रिक टन, र २०५७/०५८ को मध्य-पश्चिमाञ्चलको तथ्याङ्क समावेश नभएको अवस्थामा पनि २ हजार ९ सय मेट्रिक टन जडीबुटी भारत तथा अन्य देशहरूमा निकासी भएको देखिन्छ ।

साधारणतया दुइदेखि तीन हजार मेट्रिक टन बराबरको जडीबुटी प्रतिवर्ष निकासी हुने गरेको तीन वर्षको उक्त तथ्याङ्कले देखाउँछ । यसबाट क्रमश रु. एक

करोड ६६ लाख, दुई करोड १४ लाख र एक करोड ३९ लाख राजस्व प्राप्त भएको तथ्याङ्कबाट देखिन आएको छ ।

## प्रमुख मुद्दाहरू

### *स्रोतको अवस्था*

हालसम्म जडीबुटीहरूको प्रजातिअनुसारको विस्तृत सर्वेक्षण र स्रोत नक्सा तयार हुन सकेको छैन । यसको अभावमा कुन प्रजातिका जडीबुटी कुन क्षेत्रमा कति मात्रामा पाउन सकिन्छ भनी किटानीसाथ भन्न सकिँदैन । अध्ययन, अनुसन्धान र कुल सङ्कलन, बिक्री-वितरण तथा प्राप्त हुने राजस्वको अद्यावधिक र आधिकारिक तथ्याङ्को अभावमा जडीबुटीको सङ्कलनलाई दिगो बनाउन र प्राप्त हुने फाइदाको समन्यायिक वितरण गर्न सकिएको छैन । असन्तुलित सङ्कलन र अव्यवस्थित निकासी व्यापारले केही औषधीयुक्त जडीबुटीहरू लोप हुने अवस्थामा पुगिसकेको पनि अनुमान गरिन्छ । वास्तवमा खुला पहुँचका वनक्षेत्रबाट अत्यधिक सङ्कलनले पनि जडीबुटीको व्यवस्थापन दिगो हुन नसकेको हो । सङ्कलन दिगो हुन नसक्नुका अन्य कारणहरूमा वनस्पतिको पर्यावरणीय परिस्थितिको तथ्याङ्क वा जानकारी तयार नपारिनु, स्थानीय समुदायको हकहित संरक्षित हुनेखालका नीति-नियम नबनाइनु र सङ्कलन/व्यवस्थापनका उचित र दिगो तरिकाहरूको सरल जानकारी स्थानीय समुदायलाई नपुर्‍याइनु आदि प्रमुख छन् । अहिले केही जडीबुटीको खेती गर्ने प्रचलन बढेको छ । यसले जडीबुटीको प्राकृतिक स्थितिमाथि पर्ने चाप घटाउनुको साथै वनस्पति पहिचान गर्न र गुणस्तर वा अन्य सुधारको लागि आवश्यक अध्ययन अनुसन्धान गर्न पनि सजिलो बनाउँछ ।

जडीबुटीको सङ्कलन र त्यसको बजारको सुपरिवेक्षणमा सरकारी निकाय कमजोर रहेको छ । अझ ठूला निजी क्षेत्रका निकायहरूको यसमा बढ्दो रुचि र स्थापित उद्योगहरूको माध्यमबाट नाफामुखी संस्थाले ती स्रोत र त्यसको बजारमा पकड जमाउन सक्ने सम्भावना छ । यसले गर्दा स्थानीय जनता जडीबुटीको व्यापारबाट न्यायोचित फाइदाबाट वञ्चित हुनसक्ने स्थिति छ । अझ भैरहेको व्यापारबारे सरकारी निकाय अनभिज्ञ रहँदा (नेपालको जडीबुटीको प्रचलित व्यापारको २५ प्रतिशत मात्र रजिस्टर्ड छ भनिन्छ) स्थानीय समुदाय लाभबाट विमुख हुनसक्ने अवस्था झन बढ्न जान्छ ।

व्यापारिक र औद्योगिक व्यवसायमा करिब १५० प्रजातिका जडीबुटीहरू नेपालमा प्रयोगमा आउने गरेका छन् र करिब २० हजार टन जडीबुटीहरू प्राकृतिक रूपमा सङ्कलन हुने गर्दछन् । यसरी सङ्कलन गरिएका जडीबुटीमध्ये ९० प्रतिशत भन्दा बढी जडीबुटी अप्रशोधित रूपमै नेपालबाट बाहिर (विशेष गरेर भारतीय बजारमा र विदेशमा समेत) निकासी हुन्छन् । यसमा कुट्की, जटामसी, अतीश, पाँचऔँले आदि जस्ता लोप हुने अवस्थामा पुगिसकेका वनस्पति पनि पर्दछन् । जडीबुटी सङ्कलनको प्रचलित प्रकृया ज्यादै पुरानो र अवैज्ञानिक भएकोले दिगो उत्पादनको लागि उपयुक्त

छैन । अझ मानवीय गतिविधि जस्तै वन विनाश, डढेलो वा फँडानी कार्य, अति चरन, जङ्गली अवस्थाबाटै निर्मूल हुने किसिमका सङ्कलन प्रयास वा अपरिपक्व अवस्थामै सङ्कलन गरिने र सङ्कलनमा प्रतिस्पर्धाको कारणले यी वनस्पतिको सङ्कट बढाएको छ ।

### *औद्योगिक विकास*

नेपालमा जडीबुटी प्रशोधन/उत्पादन गर्ने ठूला उद्योगको अभाव छ । भौगोलिक विकटताले गर्दा चाहेका ठाउँमा ठूला खालका उद्योगहरू स्थापना गर्न कठिन छ र कच्चा पदार्थको अभावले गर्दा मझौला खालका उद्योग पनि सुचारु रूपले सञ्चालन भएका छैनन् । यो अवस्थामा जडीबुटी वा अन्य वनस्पतिमा आधारित उद्योगको सञ्चालन/विकासमा बाधा देखिन्छ । यद्यपि अहिले केही निजी (केही बहुराष्ट्रिय) उद्योगहरू स्थापना भएका छन् ।

वातावरणीय न्यायका लागि समुदायमा आधारित जडीबुटीको व्यवस्थापन र सङ्कलन प्रकृया आवश्यक हुन्छ । केही अपवादलाई छोडेर सामुदायिक वनमा जडीबुटीको खेती हुन सकेको छैन । सामुदायिक वनमा जडीबुटी खेती हुने त्यो अपवाद पनि गैरकाष्ठ वन उत्पादनमा रुचि राख्ने केही गैरसरकारी संस्था वा वन व्यवस्थापनसम्बन्धी आयोजनाको सहयोगमा मात्र सम्भव भएको हो (ओझा र अरूहरू सन् २०००) । जडीबुटी पाइने स्थान वा उत्पादन हुन सक्ने परिमाण र अन्य जानकारी सङ्कलनमा संलग्न हुने महिला र पाको उमेरका मानिसहरू भएकोले त्यससम्बन्धी व्यवस्थापन/विकासका गतिविधि, निर्णय प्रकृया वा फाइदामा उनीहरूलाई नै संलग्न गराउनुपर्ने देखिन्छ, जुन भएको छैन ।

नेपालका जडीबुटी र त्यसका गुण वा उपयोगितामा ठूलो विविधता भए पनि यहाँको प्राकृतिक अवस्थाको स्रोतको परिमाण भने धेरै छैन । भौगोलिक विकटताले कठिन बनाएको जडीबुटीको सङ्कलनमा सङ्कलकले उचित महत्व नपाउनु दुर्भाग्यपूर्ण नै हो । ती क्षेत्रका बासिन्दाहरूको जीविकाको लागि हुने सङ्घर्षमा व्यस्तता, प्रतिकूल भौगोलिक अवस्था/मौसमले जडीबुटीको सङ्कलनलाई बाधा पुऱ्याएको छ, जुन जडीबुटी र त्यसमा आधारित उद्योगहरूको विकासका चुनौती पनि हुन् ।

### *परम्परागत उपचार र औषधी*

जडीबुटीबाट व्यवस्थित रूपमा उपचार गर्ने पद्धतिको विकास भएको छैन । परम्परागत उपचार पद्धति (धामी/आम्ची/लामा आदि) सङ्कटमा परेका छन्; वनस्पतिको अभाव भएर वा आवश्यक महत्व तथा संरक्षण नपाएर । नेपालभित्रै जडीबुटी प्रयोग गर्ने परम्परागत उपचारक वा आयुर्वेदका चिकित्सकले प्रशोधित जडीबुटी भारतबाट महँगो मूल्य तिरेर आयात गर्नुपर्ने स्थिति हट्नुपर्छ । वास्तवमा तीमध्ये धेरै जडीबुटी नेपालमा नै उपलब्ध छन् र भारतमा यहाँबाट ठूलो परिमाणमा निर्यात गरिन्छ । त्यसैले पनि नेपालबाट निर्यात हुने जडीबुटी प्रशोधनपछि मात्र निर्यात हुने परिस्थिति सिर्जना हुनुपर्छ ।

परम्परागत रूपमा औषधी वा अन्य प्रयोगको लागि उपयोग गरिँदै आएका वनस्पतिका प्रजाति धेरै छन्, तर तिनीहरूको आवश्यक अध्ययन अनुसन्धान हुन सकेको छैन। अर्कोतिर परम्परागत प्रयोगमा रहेका वनस्पतिको वैज्ञानिक अध्ययनको नाममा औद्योगिक निकाय वा विदेशी संस्थाहरूले एकाधिकार जमाउन सक्ने सम्भावना पनि उत्तिकै छ। तसर्थ जडीबुटीको अध्ययन तथा खोजपछि पनि स्थानीय बासिन्दाको परम्परागत ज्ञान तथा स्रोतमाथिको अधिकार पूर्ण रूपले सुरक्षित हुनुपर्दछ र प्राप्त हुने फाइदाको न्यायोचित अंश ती समुदायमा जानुपर्दछ। जडीबुटी व्यापार/ प्रयोगबाट (परम्परागत औषधी उपचारको तरिका लोप हुँदा) स्थानीय बासिन्दा लाभान्वित हुन नसकेको अवस्थामा त्यसमा संलग्न आदिवासी/ग्रामीण समुदाय जडीबुटीसम्बन्धी पेशाबाट पलायन हुने स्थिति देखिन्छ। यसबाट जडीबुटी वा वनस्पतिको भौतिक/रैथाने ज्ञान (जुन देशकै अमूल्य सम्पदा हो) पनि लोप हुन सक्ने स्थिति छ।

## *नीतिगत सवाल*

पाँच औंले, ओखरको बोक्रा, कुट्की आदि जडीबुटी सङ्कलनमा पूर्ण प्रतिबन्ध लगाइएका छन् भने प्रशोधन गरेर मात्र निकासी गर्न पाइने शिलाजीतबाहेकका जडीबुटीहरू जटामसी, सर्पगन्धा, सुगन्धकोकिल, सुगन्धवाल, भ्याउ, तालिसपत्र, लौठसल्ला र यार्सागुम्बा हुन् (वन विभाग २०५९)। जडीबुटीको सङ्कलनमा प्रतिबन्ध लगाउन र राजस्व तोक्न विभिन्न कानूनी व्यवस्था गरिएको छ। तर ती नीतिमा समस्याहरू पनि प्रशस्त छन्। जस्तै सङ्कलनमा प्रतिबन्धित कतिपय वनस्पतिको संरक्षण स्थिति के कस्तो छ वा प्रतिबन्धको आधार के हो, प्रष्ट छैन र सरकारले तोकेको राजस्व पनि अवैज्ञानिक छ।

खेती गरेर पनि उत्पादन लिन सकिने जडीबुटीको व्यापारमा प्रतिबन्ध लगाउँदा त्यसबाट प्राप्त हुने आम्दानीबाट साधारण किसान वञ्चित हुन पुगेका छन्। यद्यपि त्यस्ता जडीबुटीको अवैध रूपमै भए पनि व्यापार भइरहेको छ। अवैध व्यापारको फाइदाको मुख्य भाग 'खतरा मोल्ने' अर्थात् ओसार पसार गर्ने व्यापारीलाई गएको छ। सङ्कलनमा प्रतिबन्ध लगाउने नीतिगत व्यवस्थामा उल्लेख भएको 'प्रशोधन'ले कुन स्तरको प्रशोधन हो भन्ने स्पष्ट पार्दैन। यसबाट बाहिरी स्वरूप मात्र बदलेमा प्रशोधनयोग्य भनेर अनुमति पाउन सक्ने सम्भावना देखिन्छ। जे होस् बन्देजको व्यवस्थाले स्थानीय सङ्कलक किसानले पाउने फाइदालाई घटाएको छ। जडीबुटीसम्बन्धी नीति राजस्व पनि प्राप्त हुने, संरक्षण, दिगो उपभोग र जडीबुटीको व्यापारबाट स्थानीय जनताको आय आर्जनमा सहयोग पुऱ्याउने खालको हुनुपर्ने हो। राजस्वबाहेक गाविस, जिविस वा अन्य स्थानीय संस्था/क्लबले जडीबुटीमा लिने कर आदिले पनि जडीबुटीको व्यापारलाई दुरुत्साहन गरेको छ।

ओझा (२०५९:४८-४९)ले गैरकाष्ठ वन पैदावारको व्यापारबाट गरिब वर्ग लाभान्वित हुन नसक्नुमा तीनवटा आधारहरू दिँदै फाइदा वितरणमा असमानता हुनुमा पनि तीनवटा कारण उल्लेख गरेका छन्।

... तीनवटा आधारहरूमा ... पहिलो, स्थानीय सङ्कलनकर्ताहरू गरिब छन्। उनीहरूको अन्य अवसर या पहुँच सीमित छ। यसकारण गैरकाष्ठ वन पैदावारबाट भएको आम्दानीले उनीहरूको जीविकोपार्जनमा अत्यन्त महत्वपूर्ण भूमिका खेल्छ। दोस्रो, उनीहरू बाहिरी समुदाय र वातावरणीय फाइदाको लागि स्रोत संरक्षण गर्ने कार्यमा संलग्न छन् र यति ठूलो सामाजिक काम सित्तैमा गरिरहेको छन्। तेस्रो, ऐनले स्थानीय सङ्कलक वा उपभोक्ता समूहलाई वन स्रोतमाथिको अधिकार दिइसकेको अवस्थामा गै.का.व.पै.बाट उनीहरूले पाउने मूल्यमा स्रोतको मूल्यसहित समावेश हुनुपर्छ, नकि वनबाट पैदावार निकालेको खर्च मात्र। यस्तो अवस्थामा सङ्कलनकर्ताले वनबाट वन पैदावार निकालेको खर्च मात्र नभई वन पैदावारको मोलसहितको मूल्य पाउनु पर्छ, जसले उनीहरूलाई सामाजिक फाइदाका लागि गरेको कामको पनि क्षतिपूर्ति दिन्छ र उनीहरूको स्वामित्वमा रहेको स्रोतको मूल्य पनि मिल्छ। यसले सामाजिक न्याय दिने मात्र नभई प्राकृतिक स्रोतको संरक्षण गर्न थप हौसला दिन्छ। ... फाइदा वितरणमा असमानता हुनुमा मुख्य तीनवटा तत्वहरू जिम्मेवार छन्। ती हुन्: अव्यवहारिक नीति, अपूर्ण बजार संरचना र जटिल सामाजिक चालचलन। यी तत्वहरूले एक्लै वा संयुक्त रूपमा गै.का.व.पै.को व्यापारबाट गरिबले पाउने हिस्साको निर्धारण गर्छन्।

गैरकाष्ठ वन उत्पादनको व्यापारबाट गरिब जनताले पाउने फाइदालाई विभिन्न अव्यावहारिक नीतिहरूले अवरोध पुऱ्याएको कुरा तालिका ५ ले प्रष्ट पार्छ।

*तालिका ५: केही नीति नियमसम्बन्धी सवालहरू र तिनको प्रभाव*

| नीतिगत सवाल | सङ्कलक र स्थानीय व्यापारीको व्यवसायमा प्रभाव |
|---|---|
| कृत्रिम रूपले राजस्वको निर्धारण र यसको मूल्य तोक्ने पद्धतिको अभाव। | व्यवसायको खर्चमा वृद्धि। |
| निर्यातसम्बन्धी लामा र खर्चिला स्थापित औपचारिकताहरू | सीधै निर्यात गर्न पहुँचको कमी। |
| विनाश नगरी सङ्कलन गर्न सकिने गै.का.व.पै.को सङ्कलन र व्यापारमा प्रतिबन्ध। | गैरकानूनी व्यापार रोकिँदैन, जुन स्थानीय जनताको पहुँचबाहिरको कुरा हुन्छ। |
| गै.का.व.पै.को प्रयोगमा नियन्त्रण र व्यवस्थापनसम्बन्धी वन ऐन र स्थानीय स्वायत्त शासन ऐन बाझिनु। | स्थानीय र केन्द्रीयस्तरका सरकारबाट छुट्टाछुट्टै कर लिनु, जसले साना उत्पादनकर्ताको व्यवसायको खर्च बढाउँछ। |
| वन विभागको अरू कम्पनीसँग छुट्टै सम्झौता भएको अवस्थामा उपभोक्ता समूहको गै.का.व.पै.प्रतिको अधिकार सीमित हुन्छ। | स्थानीय समुदायको आय घट्छ। |
| गै.का.व.पै.को व्यवास्थापनसम्बन्धी मार्गदर्शनको अभाव। | गै.का.व.पै.को नियन्त्रण केन्द्रीय तहबाटै हुन्छ र ठूला ठेकदारहरूलाई मात्र अनुमति दिने काम हुन्छ, जसले स्थानीय समुदायको पहुँच र आम्दानी घटाउँछ। |
| समुदायमा आधारित गै.का.व.पै.को व्यवसाय गर्न आर्थिक प्रोत्साहनको अभाव। | स्थानीयस्तरमा व्यवसायिक मौकाहरूमा धेरै कमी। |
| उद्योग दर्ता र स्थापनासम्बन्धी अव्यवहारिक औपचारिकताहरू। | उद्योग स्थापना गर्न ठूला व्यापारीको तुलनामा स्थानीय समूहहरू धेरै पछि परेका छन्। |
| सामुदायिक वनका पैदावरहरूको व्यवसायिक प्रयोगसम्बन्धी अप्ठचारा कानूनी प्रकृयाहरू। | स्थानीय समुदायको आम्दानी घट्छ र कहिलेकाहिँ गुम्छ पनि। |
| नीति नियमहरू सही रूपले लागू नहुनु, उदाहरणको लागि निजी जग्गामा खेती गरेर उत्पादित गै.का.व.पै.को राजस्वसम्बन्धी विवाद। | व्यक्तिहरू निजी रूपमा बिरुवा लगाउन र आम्दानी गर्न निरुत्साहित हुन्छन्। |

*स्रोत:* ओझा (२०५९: ४९-५०)

दुर्गम ग्रामीण क्षेत्रका जनता आफ्नो वरिपरिको जडीबुटी/त्यसको व्यापारबाट जीविकोपार्जनबारे या त अनभिज्ञ हुन्छन् या सरकारी नियन्त्रणबाट निराश बनाइएका हुन्छन्। प्राकृतिक वन क्षेत्रबाट मात्र नभई सामुदायिक वन वा निजी जग्गामा खेती

गरिएको जडीबुटीको सङ्कलन/व्यापारमा सरकारी नियन्त्रण कडा रहन्छ र अनुमति दिने काम उत्साहप्रद छैन । दुर्गम क्षेत्रमा एउटा अशिक्षित सङ्कलक सदरमुकाममा गएर अनुमति लिनुपर्ने, त्यसमा पनि उत्साह नपाउनुले उनीहरू निरुत्साहित हुने मात्र नभई ठूला व्यापारीसँगको सम्झौता पनि आफ्नो फाइदाअनुकूल गर्न सक्दैनन् । तसर्थ जडीबुटीको सङ्कलन/व्यापारको सरकारी नीति-नियम स्थानीय सङ्कलकको हितअनुकूल बनाउनुपर्छ । जङ्गली अवस्थामा भएका वनस्पतिभन्दा फरक ढङ्गले निजी क्षेत्र वा सामुदायिक व्यवस्थापनको वन क्षेत्रबाट सङ्कलित जडीबुटीलाई व्यवहार गरिनुपर्छ । साना सङ्कलकको हितमा हुने गरी सरकारको नियन्त्रण/अनुगमन ठूला व्यापारी वा त्यसमा आधारित उद्योग/निर्यात व्यापारमाथि हुनुपर्छ ।

## व्यापारको शृङ्खलामा सङ्कलक किसान

दिगो जीविकोपार्जन वा वातावरणीय न्यायको सन्दर्भबाट हेर्दा जडीबुटीको अहिलेको व्यापारमा तीनवटा प्रमुख समस्या छन्– फाइदामा असमानता, उत्पादनमा कमी र दिगो रूपमा सङ्कलन नहुनु । व्यापारको लामो शृङ्खलामा सङ्कलक (ग्रामीण/दुर्गम स्थानको किसान) र बीचका व्यापारीले पाउने फाइदामा स्पष्ट असमानता छ (हेर्नुहोस् तालिका ६) । यो तालिकाअनुसार जडीबुटी सङ्कलनबाट स्थानीय बासिन्दालाई

*तालिका ६: सन् १९९७/९८ मा कर्णाली अञ्चलबाट भएको प्रमुख जडीबुटी/गैर काष्ठ वन उत्पादन जटामसीको जरा, कुट्कीको जरा र गुच्ची च्याउको व्यापार तथा आम्दानीको वितरण*

| व्यापारमा सहभागी | अनुमानित कुल नाफा (रु.) | सहभागी व्यक्तिको अनुमानित सङ्ख्या | अनुमानित प्रतिव्यक्ति नाफा (रु.) |
|---|---|---|---|
| सङ्कलन/स्थानीय बासिन्दा | ८७,७२,००० | १२००० | ७३१ |
| गाउँले व्यापारी | ३४,२२,००० | ७० | ४८८८५ |
| विमानस्थल व्यापारी | १२,१,३८,००० | ३० | ४०४६०० |
| तराईको व्यापारी (नेपालगञ्ज) | १२,६,००,००० | ५ | २५,२०,००० |
| भारतीय व्यापारी | ८४,५५,००० | ६० | १,४०,९१६ |
| जम्मा | ४,५३,८७,००० | | |

*स्रोतः* सीबेड/सेसी (सन् १९९९), इसिमोड (मिति उल्लेख नभएको)बाट उद्धृत ।

प्रतिव्यक्ति जम्मा रु. ७३१ मात्र नाफा भएको देखिन्छ, जबकि यसको पचास गुना बढी फाइदा गाउँले व्यापारीले उठाउँछन् । त्यस्तै गाउँले व्यापारीको फाइदाको करिब आठ गुना फाइदा विमानस्थल व्यापारीले उठाउँछन् र उसको नाफाको छ गुना फाइदा तराईका व्यापारीले उठाउँछन् । तराईको व्यापारीको तीन गुना बढी फाइदा भारतीय व्यापारीले उठाउँछन् ।[२] स्थानीय सङ्कलकको हकमा जडीबुटीहरू एकै

[२] जडीबुटी व्यापारको लामो शृङ्खला र यस शृङ्खलामा संलग्न स्वदेशी/विदेशी व्यापारीको भूमिकाबारे यसै खण्डको मनिषा अर्यालको लेखमा थप चर्चा गरिएको छ ।

ठाउँमा नभई दुर्गम पहाडी जङ्गलमा छरिएर रहेको अवस्थाले त्यसको उत्पादनबाट पाइने फाइदा लाग्ने श्रम अनुकूल छैन । र अहिलेको सङ्कलन कार्य (केही महत्वपूर्ण जडीबुटीको सन्दर्भमा) पटक्कै दिगो छैन । त्यस्तै अर्को अध्ययनअनुसार नेपालको सुदूरपश्चिम, मध्य तथा पूर्वी क्षेत्रबाट हुने १३ वटा मुख्य गैरकाष्ठ वन उत्पादनको व्यापारलाई केलाउँदा सङ्कलकको भागमा भारतीय बजारको अन्तिम मूल्यको औसत ३२ प्रतिशत रकम मात्र पुग्छ (एड्वार्ड्स सन् १९९६) ।

यसरी सबभन्दा महत्वपूर्ण समस्या गैरकाष्ठ वन उत्पादन वा जडीबुटीको सङ्कलन/व्यापारबाट प्राप्त नाफाको ठूलो हिस्सा बीचका व्यापारी र ठूला व्यापारीहरूको भागमा जानु हो । स्थानीय समुदायको स्वामित्वको वन क्षेत्रबाट सङ्कलन हुने भए पनि त्यहाँका गरिब/ग्रामीण सङ्कलक किसानले नाफाको अति नै थोरै अंश पाउँछन्, जुन उनीहरूको सङ्कलनको श्रम मूल्यभन्दा धेरै बढी छैन । ती गरिब वा स्थानीय सङ्कलक किसानको उद्यमशीलता कमजोर रहनुका साथै उनीहरूको बजारमा सीमित पहुँच र पकड हुन्छ । उनीहरूको जीविकोपार्जनमा परम्परागत खेतीपातीबाट अति कम सहयोग हुने भएकोले आफ्ना आधारभूत आवश्यकता पूरा गर्न पनि जडीबुटी व्यापार जस्तो गैरकृषि आय एउटा प्रमुख उपाय हुन्छ । तर कडा आर्थिक अभावको कारणले ठूला व्यापारीसँग पहिल्यै ऋण लिनुपर्ने बाध्यता वा ती साहुहरू नै व्यापार वा सम्बन्धित नीतिगत व्यवस्थाका जानकारी दिने एकमात्र निकाय हुने भएकोले गरिब सङ्कलकहरू अन्यायमा पर्न सक्ने ठूलो सम्भावना रहन्छ । यसप्रकार उनीहरूले भोग्नुपर्ने अन्यायपूर्ण परिस्थिति बढी छ । यो परिस्थिति सुधार्नु नै जडीबुटीको दिगो व्यवस्थापनको पहिलो प्रयास हुनुपर्छ । ती स्थानीय सङ्कलकको जीविका सुधारेमा मात्रै बिक्री वितरणबाट आउने नाफाबाट सरकारले समेत उचित राजस्व पाउन सक्छ । अर्को मुख्य मुद्दा सङ्कलित जडीबुटी कच्चा रूपमै निर्यात गर्नुभन्दा केही हदसम्म नेपालभित्रै (अझ सकेसम्म सङ्कलक समुदायकै स्वामित्वमा प्रशोधन केन्द्र खोलेर) प्रशोधन गरेर मात्र निर्यात गरेमा स्थानीय जनता र सरकार पनि लाभान्वित हुन्छन् । ♦